# वन पैदावर लिलाम सम्बन्धी सच्चाइएको सूचना

यस सामुदायिक वन उपभोक्ता समूहको मिति २०८२/११/२३ गते मेचीकाली राष्ट्रिय दैनिकमा प्रकाशित सुचनामा साल जातको दाउरा १ चट्टा हुनुपर्नेमा ४.२५ चट्टा भएकोले, उक्त सुचना सच्चाइएको व्यहोरा सम्बन्धी सबैमा जानकारी गराइन्छ ।

**श्री पन्नहवादेवी सामुदायिक वन उपभोक्ता समूह**

**नरैनापुर-०१, बाँके**

राष्ट्रिय दैनिक मेचीकाली
Mechikali Sandesh National Daily

# गणित र स्वस्थ मनः अ ब्युटिफुल माइण्ड

**कहिलेकाहीँ जीवन गणितको समीकरणजस्तै हुन्छ, जटिल, अस्पष्ट र कठिन। तर धैर्य र समझदारीले त्यो समीकरण पनि हल पनि हुन सक्छ। विश्वप्रसिद्ध गणितज्ञ जोन नाशको जीवनले यही सन्देश दिन्छ कि मानव दिमाग कहिलेकाहीँ भ्रममा पर्न सक्दछ तर त्यही दिमागले संसार परिवर्तन गर्ने विचार पनि जन्माउन सक्दछ।**



ओम बानियाँ

हरेक वर्ष मार्च १४ मा संसारभर अन्तर्राष्ट्रिय गणित दिवस मनाइन्छ। यो दिनलाई धेरैले पाइ डे पनि भन्छन् किनकि पाइको मान ३.१४ बाट सुरु हुन्छ। गणित केवल अंक र सूत्र मात्र होइन, यो मानिसको सोच, निर्णय र सिर्जनशीलतासँग गहिरो रुपमा जोडिएको विषय हो। यही कुरा प्रसिद्ध गणितज्ञ जोन एफ. नाशको जीवनले स्पष्ट देखाउँछ।

सन् १९९४ को अर्थशास्त्रको नोबल पुरस्कार पाउने महान् गणितज्ञ जोन एफ. नाश युवा अवस्थामा नै एक गम्भीर मानसिक रोग सिजोफ्रेनिया (आम भाषामा पागलपन) को शिकार भएका थिए। करिब ३५ वर्षसम्म उनी यो रोगसँग लडे, संघर्ष गरे र ६६ वर्षको उमेरमा उनी चमत्कारिक रुपमा ठिक भएका थिए। २१ वर्षको उमेरमा नै विद्यावारिधि (पिएचडी) गरेका जोन नाश एक गणितज्ञ भएपनि उनले उनको पिएचडीको शोधपत्र, गैम थेउरीमा अर्थशास्त्रको नोबल पुरस्कार पाएका थिए।

जोन नाश नोबल पुरस्कार विजेता प्रतिभाशाली गणितज्ञ भएता पनि उनलाई संसारभरि चिनाउने काम अ ब्युटिफुल माइण्ड नामक किताब र फिल्मले गरेको हो। अ ब्युटिफुल माइण्ड प्रसिद्ध गणितज्ञ जोन नाशको जीवनीमा आधारित एक चर्चित किताब हो। सन् १९९८ मा प्रकाशित यस किताबकी लेखिका हुन्, प्राध्यापक तथा आर्थिक पत्रकार सिल्भिया नासर। यो बेस्टसेलर किताब अहिलेसम्म ३० भाषाहरूमा प्रकाशित भएको छ।

यसै किताबमा आधारित भएर यही नाममा अंग्रेजी फिल्म पनि बनेको हो। रोन होवार्डद्वरा निर्देशित यस चलचित्रले एकाडेमी अवार्डलगायतका थुप्रै पुरस्कारहरू जितेको थियो। भनिन्छ, यो फिल्म नाशको जीवनकथामा आधारित भएता पनि यस फिल्ममा जोन नाशको जीवनको एक प्रेम प्रसंग उल्लेख गरिएको छैन। जोन नाशको यो प्रेमप्रसंग कस्तो थियो त ? यो चाँसो विषय हो।

जोन एफ.नाशको जन्म सन् १९२८ मा अमेरिकाको ब्लुफिल्ड, वेस्ट भिर्जिनियामा भएको थियो। उनका बाबु एक इलेक्ट्रिकल इन्जिनियर थिए भने आमा शिक्षिका थिइन्। जोन एफ.नाशकी एक बहिनी पनि थिइन्। जोन सानैदेखि नै अद्भूत प्रतिभाका धनी थिए। उनले सानैदेखि नै थुप्रै किताबहरू पढ्न थालेका थिए। तीमध्ये ई.टी. बेलको किताब मैन अफ म्याथमैटिक्स प्रमुख थियो। तीक्ष्ण बुद्धि र तेज स्मरणशक्तिका कारण उनले माध्यमिक विद्यालयको अध्ययनमा छात्रावृत्ति पाएका थिए। सानोमा उनलाई आफ्नो बाबुभैंं इलेक्ट्रिकल इन्जिनियर बन्ने इच्छा थियो। अनि उनले त्यसैको तयारी गर्दै थिए तर पछि उनी सन् १९४५ मा कार्नेगी इन्स्टिच्युट अफ टेक्नोलोजीमा पढ्न गए। तर, उनले त्यहाँ केमिकल इन्जिनियरिङ प्रमुख विषय लिएर पढ्न थाले।

जर्ज वेस्टिङहाउस छात्रावृत्ति पनि पाए। तर उनलाई केमिकल इन्जिनियरिङ पढ्न मन परेन र गणित प्रमुख विषय लिएर पढ्न थाले। अन्तर्राष्ट्रिय अर्थशास्त्र पनि उनको इच्छिक विषय थियो। उनलाई सानैदेखि नै थरीथरीका प्रयोग गर्न खुब रुचि हुन्थ्यो। उनी यस्तै प्रयोगहरूमा डुबिरहन्थे। कल्पनाको संसारमा हराउँथे। उनी पढाइलेखाइमा यति प्रतिभाशाली थिए कि परिणामास्वरुप उनले एकचोटिमा बिएस र एमएसको डिग्री प्राप्त गर्न सफल भए। त्यसपछि उनलाई विश्वप्रसिद्ध हार्वर्ड विश्वविद्यालय र प्रिन्सटोन विश्वविद्यालयबाट फेलोसिपको प्रस्ताव आयो। तर, उनी प्रिन्सटोनका एक गणितज्ञको सल्लाहमा प्रिन्सटोन गणित विभागमा भर्ना भए। उनले विश्वकै प्रसिद्ध प्रिन्सटोन गणित विभागबाट विद्यावारिधि गरे। त्यसबेला नाशको उमेर केवल २१ वर्ष थियो।

प्रिन्सटोनमा पढ्दा उनी साहदै पढ्न कक्षा कोठामा गएका थिए। उनको घमण्ड, शेखी तथा सन्क्याहापनाले गर्दा उनको साथीहरूसँग खासै मेल थिएन। यद्यपि उनको यस्तो व्यवहारलाई अहिले सिजोफ्रेनियाको प्रारम्भिक लक्षणका रुपमा लिन सकिन्छ तर उनी त्यत्तिबेला सिजोफ्रेनियाबाट पीडित थिएनन्। तर उनले आफ्ना गुरु तथा साथीसंगीहरूलाई नयाँ बोर्ड गैम आविस्कार गरेर तथा इक्विलिब्रियम (समतोलन विन्दु) को सम्बन्धमा नयाँ विचारधारा विकास गरेर, जसलाई नाश इक्जिलिब्रियम पनि भनिन्छ, निकै प्रभावित पारेका थिए।

नाशले प्रिन्सटोनको पढाइलेखाइ सकेपछि एमआइटीमा नोकरी गर्न थाले। तर, त्यहाँ पनि उनले निर्लज्ज, अटेरी, फाइँफुट्टी, बकमफुस तथा आत्मकेन्द्रित व्यक्तिको उपनामहरू पाए। उनको व्यवहार सहकर्मीहरूलाई मन पर्दैन्थ्यो तर पनि मानिसहरूले उनको प्रतिभा र तीक्ष्ण बुद्धिका कारणले उनको व्यवहारलाई सहन्थे। यसैबेलामा नै ब्युटिफुल माइण्डमा उल्लेख नभएको उनको एक प्रेमप्रसंग सुरु भएको थियो। उनको एक नर्स, एलियानोर स्टियरसँग सम्बन्ध थियो र उनीबाट जोन डेभिड नामको छोरा पनि जन्मिएको थियो तर नाशको यो प्रेमप्रसंग गोप्य थियो। छोरा जन्मिएपछि अकस्मात् नाशले एलियानोर र छोरा डेभिडलाई छोडेर हिँडे। जसले गर्दा डेभिडलाई शिशुस्याहार केन्द्रमा राख्नुपऱ्यो। त्यसको केही समयपछि सन् १९५३ मा आफ्नै एक छात्रा एलिसिया लार्डे, जसले भौतिक शास्त्र प्रमुख विषय लिएर पढ्दै थिइन, उनैसँग नाशको प्रेम चल्यो। सन् १९५७ मा उनीहरू विवाहको बन्धनमा बाँधिए। त्यसबेलासम्म सबकुछ ठीकठाक थियो। विवाह भएको एक वर्षपछि एलिसिया गर्भवती भइन, नाशले अकस्मात् एलिसियालाई छोडेर हिँडे। उनी व्यामोह (भ्रान्ति) बाट पीडित भए। उनले सुत्ने कोठाको भित्ताभरि कालो पोत्न थाले। नाशको यस्तो अवस्था देखेर फेब्रुअरी १९५८ मा उनलाई एमआइटी नजिकै रहेको म्याकलीन हस्पिटलमा भर्ना गरियो। चिकित्सकले उनी प्यारानायड सिजोफ्रेनियाबाट पीडित भएको डायग्नोज्ड गरे। उपचारका लागि उनलाई थोराजाइन दिइयो। हस्पिटलमा कर्मचारी तथा चिकित्सकहरूले उनलाई प्रोफेसर भन्ने गर्थे।

५० दिनसम्म म्याकलीन हस्पिटलमा उपचारपछि उनी डिस्चार्ज भए। उनले एमआईटीबाट राजिनाम दिए र संचय कोषबाट पैसा झिकेर आफ्नो प्रतिष्ठाको खोजीमा उनी युरोपतिर हानिए। उनको स्वास्थ्य चिन्ताले गर्दा उनकी पत्नी एलिसा पनि छोरी जोनीलाई आफ्नी आमासँग छोडेर उनको पछि लागिन्। नाश पेरिसमा हराए। अनि ९ महिनासम्म शरणार्थीकारुपमा युरोपभरि घुमे। पछि उनी पुनः अमेरिका फर्किए।

प्रिन्सटोनबाट उनलाई पुनः नोकरीको प्रस्ताव आयो तर मनोभ्रान्तिका कारण उनले आवश्यक कागजपत्रमा हस्ताक्षर गर्न मानेनन्। अनि उनले प्रिन्सटोनमा प्राध्यापकको नियुक्ति पाएनन्। म्याकलीन हस्पिटलबाट डिसचार्ज भएको २ वर्षपछि पुनः उनीलाई हस्पिटलमा भर्ना गरियो। यसपाली उनी ट्रेनटोन स्टेट हस्पिटलमा भर्ना भएका थिए तर यो हस्पिटल म्याकलीन हस्पिटल जस्तो सुविधासम्पन्न थिएन। हस्पिटलमा विरामीहरूको ठुलो चाप हुने गर्दथ्यो। फिल्ममा देखाएभैंं उनलाई त्यहाँ इन्सुलिन कोमा थेरापी दिइयो। यो थेरापीको प्रयोग गर्न प्रायः सबै हस्पिटलहरू छोडिसकेका थिए। नाशलाई हप्ताको पाँच दिन, ६ हप्तासम्म यो सुई दिइयो। यस उपचारबाट उनको स्वास्थ्यमा केही सुधार भयो।

३४ वर्षको उमेरमा उनी पुनः युरोपतिर हराए तर त्यहाँबाट उनले साथी तथा परिवारका सदस्यहरूलाई बर्बर र डरलाग्दा पोस्टकार्डहरू नियमितरुपमा पठाइरहे। त्यही वर्षको अन्त्यतिर एलिसाले पारपाचुकेको निवेदन दर्ता गराइन्। केही वर्षसम्म उनी यत्रतत्र घुमिरहे। वोस्टनमा पनि बसे। उनकी पुरानो प्रेमीका एलियानोर र छोरा डेभिडसँग पनि बसे। पुनः अकस्मात् उनी त्यहाँबाट हिँडे।

पछि उनले एन्टिसाइकोटिक औषधिहरू सेवन गर्न थाले। औषधीबाट केही सुधार पनि हुँदै गयो। तर उनले, अन्य रोगीहरूलेभैंं अकस्मात् औषधी सेवन गर्न बन्द गरे। उनको रोग पुनः बढ्यो। उनले पुनः थरीथरीका आवाजहरू सुन्न थाले। सन् १९७० ताका उनी निकै दीनहीन भएका थिए। नाशको यस्तो दनिय अवस्था देखेर एलिसालाई निक दया लाग्यो। उनले पुनः नाशलाई स्वीकारिन्। उनले नाशलाई हस्पिटलमा भर्ना नगरिकन नै घरमा नै उनको उचित रेखदेखको व्यावस्था मिलाइन्। बिस्तारै-बिस्तारै उनी कम तनावपुर्ण वातावरणमा रहन थाले। उनको स्वास्थ्यमा सुधार हुन थाल्यो। उनले आफूले स्वस्थ हुने संकल्प गरे, थरीथरीका आवाजहरू नसुन्ने, यसप्रति ध्यान नदिने निर्णय गरे। उनको रेखदेखमा एलिसियाको ठुलो भूमिका निभाइन। अनि ६६ वर्षको उमेरमा उनले एलिसियासँग पुनः विवाह गरे।

सन् १९९४ मा उनले स्विडेनका नरेश अगाडि उभिएर अर्थशास्त्रको नोबल पुरस्कार थापे। लामो समयसम्म सिजोफ्रेनिया जस्तो जटिल मानसिक रोगसँग संघर्ष गरेर उनले पुनः नयाँ जीवन पाए तर दुःखको कुरा के भने उनको परिवारलाई भने सिजोफ्रेनियाले छोडेन। एलिसा र नाशको छोरा, जो पनि गणितज्ञ हुन्, उनी पनि सिजोफ्रेनियाबाट पीडित छन्। सिजोफ्रेनियाको एक प्रमुख कारण अनुवांशिक पनि हो भन्ने यो प्रमाण हो।

सिजोफ्रेनियाबाट जोन नाश मात्र होइन थुप्रै हस्तिहरू पीडित भएको इतिहास छ। टोम हरेल (संगीतकार), मीरा पोपकीन (कलाकार), एन्डी गोरेम (फुटबलर), पिटर ग्रीन (गिटारिष्ट), वैक्लव निजिंस्की (रुसकी प्रसिद्ध नृत्यांगना), चार्ल्स फास्ट (प्रसिद्ध फुटबलर) तथा हिन्दी फिल्मकी प्रसिद्ध अभिनेत्री परबीन बाबी आदि जस्ता थुप्रै व्यक्तित्वहरू पनि सिजोफ्रेनियाबाट पीडित थिए। लोकप्रिय संगीतकार टाम हरेलले त यस बिरामीबाट पीडित भएरपनि निरन्तरस्तरीय संगीत सृजना गरिरहे।

अन्त्यमा, सिजोफ्रेनियाबाट ग्रस्त मानिसले कस्तो अनुभव गर्छन् ? उनीहरूको व्यवहार कस्तो हुन्छ ? आदि कुरा जान्नका लागि अंग्रेजी फिल्म अ ब्युटिफुल माइण्ड तथा हिन्दी फिल्म मदहोशी हेर्न सकिन्छ। तर, हिन्दी फिल्म मदहोशीमा देखाइएका केही तथ्यहरू सही छन् भने केही तथ्यहरू गलत छन्। यस्तै अ ब्युटिफुल माइन्डमा नाशले दृश्य भ्रान्तिको अनुभव गरेको देखाइएको छैन।

तर सिजोफ्रेनियाबाट ग्रस्त व्यक्तिले यस्ता अनुभव गर्छन्, समान्य व्यक्तिले यस्तो आनुभव साहेदै गर्छन्। त्यसो त रक्सी खाना नपाएका वा छोडेका व्यक्तिलाई समेत यस्तो अनुभव हुने गर्छ। निचोडमा ब्युटिफुल माइण्ड नामक किताब तथा फिल्मले प्रसिद्ध गणितज्ञ जोन नाशको जीवन संर्घषका बारेमा मात्र जानकारी गराउँदैन कि सिजोफ्रेनियाका बारेमा पनि ज्ञान दिलाउँछ। त्यो भन्दा पनि बढी प्रेरणा दिलाउँछ।

अतः जब हामी जोन नाशको कथा सुन्छौं, उनको फिल्म हेर्छौं, हामीले केवल एउटा गणितज्ञको कथा सुनेका हुँदैनौं। हामीले मानव मस्तिष्कको अद्भूत क्षमताको कथा सुनेका हुन्छौं। नाशले प्रमाणित गरिदिए कि विचारको शक्ति कति गहिरो हुन सक्छ। एउटा सानो गणितीय अवधारणाले संसारका धेरै क्षेत्रहरूमा प्रभाव पार्न सक्दछ। उनको जीवनले अर्को महत्वपूर्ण पाठ पनि दिन्द, मानिसलाई केवल उसको कमजोरीले होइन, उसको सम्भावनाले पनि चिन्नुपर्छ। मानसिक समस्या भएका मानिसहरूलाई समाजले कहिलेकाहीँ गलत रूपमा बुझ्छ तर नाशको कथाले दर्शाउँछ कि मानसिक चुनौतीहरू भए पनि मानिसले महान उपलब्धि हासिल गर्न सक्दछ। आजको डिजिटल युगमा जब हामी कृत्रिम बुद्धिमत्ता, डेटा विज्ञान र एल्गोरिदमको संसारमा प्रवेश गरिरहेका छौं, गणितको महत्व अझै बढिरहेको छ। गणितले केवल गणना मात्र होइन, भविष्यको प्रविधि निर्माण गर्ने आधार पनि प्रदान गरिरहेको छ। यही कारणले अन्तर्राष्ट्रिय गणित दिवस केवल एक शैक्षिक कार्यक्रम मात्र होइन, मानव बुद्धिको उत्सव हो।

यदि हामी गहिरो रुपमा सोच्ने हो भने गणित र मनोविज्ञान वास्तवमा एउटै सिक्काका दुई पाटा जस्ता हुन्। गणितले संरचना र नियम दिन्छ भने मनोविज्ञानले मानव अनुभव र भावना बुझाउँछ। जोन नाशको जीवनमा यी दुवै एक अर्कासँग जोडिएका थिए। उनका समीकरणहरू केवल अंक थिएनन्, ती मानव निर्णय र व्यवहारको चित्रण पनि थिए।

अन्ततः जोन नाशको कथा हामीलाई एउटा प्रेरणादायी सन्देश दिन्छ, मानव दिमाग कहिलेकाहीँ भ्रममा पर्न सक्छ, तर त्यही दिमागले संसार बदल्ने विचार पनि सिर्जना गर्न सक्छ। यही कारणले गणित केवल विद्यालयको विषय होइन, मानव सभ्यताको आधारभूत भाषा हो।

मार्च १४ मा मनाइने अन्तर्राष्ट्रिय गणित दिवस हामीलाई यही कुरा सम्झाउँछ, मानव सोचको यात्रा अझै समाप्त भएको छैन। अंकहरूको सानो संसारभित्र अनन्त सम्भावनाहरू लुकेका छन् र ती सम्भावनाहरूलाई उजागर गर्ने शक्ति मानव मस्तिष्क भित्र सधैं जीवित छ।

## हेल्थ फर्स्ट



**पोन्स नामको एक विद्यार्थी थिए। उनलाई गणित धेरै मन पर्थ्यो, तर कहिलेकाहीँ उनलाई निकै तनावमा पनि हुन्थ्यो। परीक्षा नजिकिँदा उनले राती अबेरसम्म पढ्थे, चिन्तित हुन्थे। बढी चिन्ताले उनको टाउको दुख्थ्यो। एक दिन कक्षामा गणित शिक्षकले प्रसिद्ध गणितज्ञ जो नाशको कथा सुनाए। शिक्षकले भने, जोन नाश असाधारण गणितज्ञ थिए तर उनले जीवनमा मानसिक स्वास्थ्यका चुनौतीहरू पनि सामना गरेका थिए, सिजोफ्रेनिया जस्तो मानसिक समस्याको। तर धैर्य, उपचार र परिवारको साथले उनले फेरि आफ्नो जीवनलाई सन्तुलनमा ल्याए। शिक्षकले अगाडि भने–गणितको सबै भन्दा सुन्दर कुरा सन्तुलन हो। समीकरण तब सही हुन्छ, जब दुवै पक्ष बराबर हुन्छन्। जीवन पनि त्यस्तै हो, पढाइ, आराम, खेल र स्वास्थ्यबिचको सन्तुलन। त्यस दिनपछि पोन्सले आफ्नो बानी बदल्न थाले। उनले पढाइसँगै खेलकुद गर्न थाले। समयमै सुत्ने र दिमागलाई आराम दिन पनि सिके। बिस्तारै उनले बुझे, गणितले केवल समस्या हल गर्न सिकाउँदैन, जीवनलाई सन्तुलित बनाउने ज्ञान पनि दिन्छ।**

# पञ्चशील नै अबको बाटो



भानु पराजुली

मध्यपूर्वमा फैलिँदै गएको युद्धले विश्व राजनीतिमा फेरि एकपटक गम्भीर प्रश्न उब्जिएको छ। आजको विश्व शक्ति सन्तुलन अब एकध्रुवीय संरचनामा सीमित छैन भन्ने सङ्केत अमेरिका-इजरायलको संयुक्त सैन्य अभियान, इरानको प्रतिरोध र त्यस वरिपरि रुस तथा चीनको कूटनीतिक सन्देशले स्पष्ट दिएको छ। यस सन्दर्भमा डोनाल्ड ट्रम्पले युद्ध चाँडै अन्त्य हुन सक्ने सङ्केत दिनुभएको छ तर इरानको इस्लामिक रिभोलुसन्री गार्ड कोर्प्सले युद्धको अन्त्य कहिले हुने भन्ने कुरा आफूहरूले तय गर्ने चेतावनी दिएको छ। यता भ्लादिमिर पुटिनले इरानका नयाँ सर्वोच्च नेता मोज्ताबा खमेनीप्रति समर्थन व्यक्त गरेका छन् भने चीनले सार्वभौमिकताको सम्मान गर्दै यसलाई इरानको आन्तरिक विषय भएको स्पष्ट गरेको छ।

युद्धको भाषा प्रायः शक्ति, सुरक्षा र प्रतिष्ठाको हुन्छ तर त्यसको गहिराइमा ऊर्जा, व्यापार र रणनीतिक मार्गहरूको राजनीति लुकेको हुन्छ। विशेषगरी स्ट्रेट हर्मुज जस्तो विश्वको महत्वपूर्ण तेल मार्गमाथि उठेका चेतावनीले देखाउँछन् कि मध्यपूर्वको तनाव विश्व अर्थतन्त्रलाई हल्लाउने क्षमता राख्छ। यदि तेल आपूर्ति अवरुद्ध भयो भने त्यसको प्रत्यक्ष असर नेपाल जस्ता आयातमा निर्भर अर्थतन्त्रमा पर्छ। अनि इन्धन मूल्य बढ्छ। महँगी चर्किन्छ। रोजगारी तथा रेमिट्यान्समा पनि प्रभाव पर्छ। त्यसैले यो युद्ध भौगोलिक रूपमा टाढा भए पनि यसको छायाँ नेपालको भान्सादेखि अर्थतन्त्रसम्म पुग्ने सम्भावना हुन्छ।

नेपालको भूराजनीति सधैँ जटिल तर स्पष्ट रहँदै आएको छ। उत्तरतर्फ चीन र दक्षिणतर्फ भारतबिच अवस्थित नेपालले आफ्नो अस्तित्व सन्तुलित कूटनीतिमा टिकाइराखेको छ। यही कारणले नेपालको विदेश नीति ऐतिहासिक रूपमा पञ्चशीलको दर्शनसँग जोडिएको छ। सार्वभौमिकताको सम्मान, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति, समानता, पारस्परिक लाभ र शान्तिपूर्ण सहअस्तित्व नै पञ्चशीलका सिद्धान्त हुन् तर विगतका दशकमा नेपालको कूटनीति कहिलेकाहीँ सिद्धान्त र व्यावहारबिचको दूरीले आलोचना पनि खेप्दै आएको छ। बदलिँदो विश्व राजनीतिमा नेपालले पञ्चशीललाई केवल ऐतिहासिक घोषणापत्र होइन, व्यावहारिक रणनीतिक कम्पास बनाउनु पर्ने आवश्यकता बढ्दै गएको छ। साना राष्ट्रहरूका लागि शक्ति सधैँ सैन्य वा आर्थिक मात्र हुँदैन; कहिलेकाहीँ सन्तुलनको बुद्धिमत्ता, तटस्थताको विश्वसनीयता र कूटनीतिक विवेक नै सबैभन्दा ठुलो शक्ति हुन्छ। आजको बहुध्रुवीय विश्वमा नेपालले सबैसँग मित्रता राख्ने तर कसैको प्रभावको विस्तार बन्न नदिने नीति अपनाउन सकेमा मात्र आफ्नो स्वाभिमान सुरक्षित राख्न सक्छ। ऊर्जा आपूर्ति, वैदेशिक श्रम, व्यापार मार्ग र क्षेत्रीय स्थायित्व जस्ता विषय अब केवल आर्थिक मुद्दा होइनन्; ती विदेश नीतिको केन्द्र बन्न थालेका छन्। नेपालको अबको नेतृत्वले पञ्चशीललाई केवल आदर्श होइन, रणनीतिक उपकरणको रूपमा प्रयोग गर्न सक्नुपर्छ।

**विश्वव्यापी उथलपुथलको बिचमा नेपालभित्र पनि एउटा गहिरो राजनीतिक परिवर्तन भएको छ। गत भदौ २३ र २४ गतेको नवयुवाको विद्रोह भयो। विद्रोहले उत्पन्न गरेको आक्रोश र संस्थागत असन्तोषको पृष्ठभूमिमा अन्तरिम सरकार बन्यो। यसको नेतृत्व पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीले गर्नुभएको थियो। यही सरकारल गराएको फागुन २१ को आमनिर्वाचनले नेपालको राजनीतिक मानचित्र नै फेरिदियो।**

विश्वव्यापी उथलपुथलको बिचमा नेपालभित्र पनि एउटा गहिरो राजनीतिक परिवर्तन भएको छ। गत भदौ २३ र २४ गतेको नवयुवाको विद्रोह भयो। विद्रोहले उत्पन्न गरेको आक्रोश र संस्थागत असन्तोषको पृष्ठभूमिमा अन्तरिम सरकार बन्यो। यसको नेतृत्व पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीले गर्नुभएको थियो। यही सरकारल गराएको फागुन २१ को आमनिर्वाचनले नेपालको राजनीतिक मानचित्र नै फेरिदियो। निर्वाचन केवल सत्ता परिवर्तन थिएन; त्यो जनताको शान्त रूपमा गरिएको ब्यालेट विद्रोह थियो। दशकौँदेखि राज्य संयन्त्रमा प्रभुत्व जमाइरहेका दललाई जनताले पहिलो पटक खुला रूपमा अस्वीकार गरे। परिणामस्वरूप राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाइ मत प्राप्त गर्न सफल भयो। पार्टीका सभापति रवि लामिछानेको नेतृत्वमा उभिएको यो शक्ति रास्वपा दल मात्र नभई जनताको असन्तोष, आशा र परिवर्तनको आकांक्षाको राजनीतिक रूपान्तरण बनेर उभियो। नेपाली कांग्रेस, नेकपा) (एमाले), नेपाली कम्युनिस्ट पार्टी भने सिट संख्याका हिसाबाले खुम्चिएका छन्।

यस परिवर्तनको केन्द्रमा एउटा नाम विशेष रूपमा उभिएको छ-बालेन्द्र (बालेन) शाह। उहाँ एक दक्ष इन्जिनियर, र्‍याप सङ्गीतबाट सामाजिक असन्तोषको आवाज उठाएका व्यक्ति हुनुहुन्छ। उहाँ काठमाडौँ महानगरपालिकाको पूर्वप्रमुख पनि हो। पूर्वप्रमुखका रूपमा उहाँले काठमाडौँ महानगरपालिकामा प्रशासनिक सुधार, व्यवस्थापन क्षमता र इमानदार नेतृत्वको छवि निर्माण गर्नुभयो। यही छविले उहाँलाई युवाको प्रतीक र परिवर्तनको सम्भावनाका रूपमा स्थापित गऱ्यो। अब केही दिनमै उहाँ नेपालको प्रधानमन्त्री बन्ने सम्भावना केवल व्यक्तिगत उपलब्धि होइन; त्यो नेपाली राजनीतिमा संरचनात्मक रूपान्तरणको सङ्केत हो। बालेन शाहको नेतृत्वको सरकारका लागि साँचो चुनौती अब सुरु हुन्छ। देशभित्रको भ्रष्टाचार, प्रशासनिक जडता र सेवा प्रवाहको कमजोरी जति कठिन समस्या छन्, बाह्य भूराजनीति त्यसभन्दा कम जटिल छैन। बहुध्रुवीय विश्व, क्षेत्रीय शक्ति प्रतिस्पर्धा र ऊर्जा तथा आपूर्ति सङ्कटको युगमा नेपालले आफ्नो स्थान कसरी सुरक्षित राख्छ भन्ने प्रश्न नेतृत्वको काँधमा आउने छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावमा प्रस्तुत गरेको वाचापत्र सुशासन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र विधिको शासनको अभ्यासमा केन्द्रित थियो। जनताले यो एजेन्डालाई केवल चुनावी भाषणको रूपमा होइन, परिवर्तनको सम्भावित मार्गको रूपमा स्वीकार गरेका छन्। यदि यो एजेन्डा व्यवहारमा रूपान्तरण हुन सके नेपालमा प्रशासनिक सुधार र राज्य सञ्चालनको नयाँ अध्याय सुरु हुन सक्छ। यससँगै विदेश नीतिमा पनि नयाँ सोच आवश्यक हुन्छ। पञ्चशीलको सिद्धान्तलाई आधुनिक सन्दर्भमा पुनर्व्याख्या गर्दै नेपालले सबै शक्तिसँग सन्तुलित सम्बन्ध कायम राख्नुपर्ने छ। ऊर्जा कूटनीति, श्रमिक सुरक्षा, जलविद्युत् निर्यात र क्षेत्रीय सहकार्यलाई विदेश नीतिसँग जोड्न सकेमा नेपाल सानो देश भएर पनि बहुध्रुवीय विश्वमा विश्वसनीय साझेदार बन्न सक्छ।

मध्यपूर्वको युद्धले विश्वलाई अस्थिरता र प्रतिस्पर्धाको नयाँ चरणतर्फ धकेलिरहेको छ तर इतिहासले के खोज्छ भने यस्तै सङ्कटका क्षणमा नयाँ राजनीतिक सम्भावना पनि जन्माउँछन्। नेपालभित्र देखिएको जनादेश, नयाँ नेतृत्वको उदय र परिवर्तनको आकांक्षा त्यही सम्भावनाको सङ्केत हो। यो नेतृत्वले राष्ट्रिय स्वाभिमान, पञ्चशीलको सिद्धान्त र व्यावहारिक सुशासनलाई एकसाथ जोड्न सक्यो भने नेपाल केवल आन्तरिक राजनीतिक परिवर्तनको कथा मात्र बन्ने छैन, यो एउटा सानो हिमाली राष्ट्रको कथा बन्न सक्छ। महाशक्तिको प्रतिस्पर्धाको बिचमा पनि सन्तुलित, शान्तिपूर्ण र स्वाभिमानी बाटो आफैँ बनाउँछ। सम्भवतः भविष्यले यही क्षणलाई नेपालको राजनीतिक पुनर्जागरणको सुरुवात भनेर सम्झिने छ।

# कालिकाका विद्यार्थीले दिए छात्रवासका विद्यार्थीलाई सहयोग



बुटवल, फागुन २९ (मेसस)। कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल-१२ रामनगर (सेक्टर २) व्यवस्थापन संकाय कक्षा १२ का विद्यार्थीहरुले सोही विद्यालयका छात्रवासमा बसेर अध्ययन गर्दै आएका विपन्न विद्यार्थीहलाई शैक्षिक सामग्री प्रदान गरेका छन् । कक्षा १२ को बोर्ड परीक्षामा सहभागी हुन लागेका विद्यार्थीहरुले आफूले जम्मा गरेको स-सानो रकम बाट विद्यालयको छात्रवासमा रहेर अध्ययन गर्दै आएका विपन्न, बेसाहारा विद्यार्थीहरुको लागि स्टेशनरीमा कापी, कलम, पाठ्यसामग्रीसहितका सहयोग प्रदान गरेका हुन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवाली, विद्यालयका प्रधानाध्यापक दिनेश थापा, सहायक प्रधानाध्यापक (सेक्टर २) विष्णुहरी ज्ञवालीसहित विद्याय विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको सहभागितामा उक्त सहयोग प्रदानगरिएको हो।

कार्यक्रममा बोल्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीले विद्यार्थीहरुले गरेको रचनात्मक सामाजिक उत्तरदायित्वसहितको कार्यको उच्च प्रंसासा गरेका थिए। कक्षा १२ पूरा गरेर उच्च शिक्षा अध्ययनको लागि जाने विद्यार्थीहरुको लागि उच्च शैक्षिक सफलताको कामना समेत व्यक्त गरेका थिए। उक्त सामाजिक उत्तरदायित्व सहितकोकार्यक्रमको संयोजक विद्यालयका सेक्टर २ इन्चाज कृष्ण गौतमले गरेका थिए। कार्यक्रमको सञ्चालन कक्षा १२ का विद्यार्थी आशिस खरालले गरेका थिए । कार्यक्रममा छात्रावास संयोजकसहित, कक्षा व्यवस्थापन समितिका सदस्यहरु, शिक्षक र कर्मचारीहरुको समेत सहभागीता रहेको थियो।

# मतदानपछि भारत फर्किन थाले मतदाता

सुदूरपश्चिम, फागुन २९ । निर्वाचनका बेला स्वदेश फर्किएका सुदूरपश्चिमेली मतदान सकिए लगत्तै रोजगारीका लागि कैलालीको त्रिनगर सीमा नाका हुँदै भारत फर्किन थालेका छन् । केही दिनदेखि नेपाल-भारतको त्रिनगर सीमा नाका हुँदै उनीहरु भारततिर फर्किन थालेका हुन्।

रोजगारीका साथै उपचार, व्यापार तथा अन्य व्यक्तिगत कामका लागि दैनिक सयौँ नेपाली उक्त नाका हुँदै भारत जाने-आउने गर्छन् । त्रिनगर सीमा नाकामा भेटिनुभएका कञ्चनपुरका पदम पन्तले मतदान गरेर आफू फेरि भारततिर जान लागेको बताए।

उनले भने,'दुई महिनाअघि मतदान गर्न नेपाल आएको हुँ। अहिले फेरि काममा फर्किन थालेको छुँ।' खुला सीमा नाका कारण आवतजावत सहज भए पनि कतिपयका लागि भने आवश्यक कागजातको अभावले समस्या सिर्जना भएको छ। त्रिनगर नाकामै भेटिएकी अछामकी कल्सु साउदले उपचारका लागि भारत जान लागेको बताइन् । उनले भनिन्,'मतदान गरेपछि नेपालमै स्वास्थ्य जाँच गरौँ भन्ने सोचेकी थिएँ। तर अहिले नियमित चेकअपका लागि फेरि भारत जान लागेकी हुँ।'

सुदूरपश्चिमका धेरै बिरामी उपचारका लागि भारतीय अस्पताल धाउँछन् । नेपाल-भारतबिचको खुला सिमाना रहेकोले दुई देशका नागरिकले धेरै ठाउँमा सहज रूपमा आवतजावत गर्न पाउने व्यवस्था छ। सुदूरपश्चिमका नागरिक दैनिक रोजगारी, व्यापार, शिक्षा र उपचारका लागि भारत जाने गर्छन्। बिहान नेपालबाट भारत काममा जाने र साँझ फर्किने व्यक्ति धेरै भेटिने गरेका छन्।

# ढोरपाटनमा पुग्यो केन्द्रीय प्रसारण लाइन

ढोरपाटन, फागुन २९ । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पहिलोपटक केन्द्रीय प्रसारण लाइनले जोडिएको छ। भौगोलिक विकटताका कारण अहिलेसम्म केन्द्रीय लाइन पुग्न सकेको थिएन । ढोरपाटन उपत्यकासहित आसपासका बस्ती लघुजलविद्युत्को भरमा थिए।

नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले बुर्तिबाङ बजारबाट ३५ किलोमिटर लामो पश्चिममा रहेको ढोरपाटनमा केन्द्रीय लाइन पुऱ्याएको हो । प्राधिकरणका बागलुङ प्रमुख दिलीप मरासिनीले ११ केभी विद्युत् लाइन ढोरपाटन पुऱ्याएको जानकारी दिए। अघिल्लो वर्षदेखि नै विद्युत् पोल गाड्ने र लाइन तान्ने काम गरेको भन्दै बिहीबारदेखि नियमित विद्युत् प्रसारण भएको उनको भनाइ छ।

रु.१५ करोड लागतमा ढोरपाटनमा विद्युत् पुऱ्याएको प्रमुख मरासिनीले बताए । ढोरपाटनसम्म लाइन पुगेपछि अब स्थानीयका घरघरमा पुऱ्याउने उनको भनाइ छ । ढोरपाटन जोड्ने ११ केभी प्रसारण लाइन बिहीबारदेखि चार्ज गरिएको उहाँ बताउँछन् । प्रमुख मरासिनीले भने,'पश्चिम बागलुङको बुर्तिबाङमा केन्द्रीय लाइन पुगेको केही वर्षमात्रै भयो, त्यसभन्दा माथि अधिकारीचौरसम्म दुई वर्ष अगाडि पुगेको थियो, यसपालि ढोरपाटनसम्मै पुर्‍याएका छौँ, अब सानो हाइड्रोपावरबाट विद्युत् सेवा पाएका नागरिकले केन्द्रीय लाइन बाल्न पाउनेछन्।'

ढोरपाटन क्षेत्रमा एक बजार बढी घर दूरी छन् । स्थानीयले ४० किलोवाटको गर्पाखोला लघुजलविद्युत् आयोजना र ६० किलोवाटको ढोरपाटन भुजीखोला लघुजलविद्युत् आयोजनामार्फत विद्युतीय सेवा लिँदै आएका थिए।

विसं.२०६८ मा सञ्चालनमा आएको गर्पाखोला लघुजलविद्युत् आयोजना र पाँच वर्ष अगाडि आएको ढोरपाटन भुजीखोला लघुजलविद्युत आयोजनाबाट पर्याप्त विद्युत् उत्पादन नहुँदा स्थानीयले सास्ती भोग्दै आएको ढोरपाटन नगरपालिका-९ का अध्यक्ष खिमबहादुर घर्तीमगरले बताए। केन्द्रीय लाइन आएपछि अब सहज हुने उनको भनाइ छ।

अध्यक्ष घर्तीमगरका अनुसार ढोरपाटन उपत्यकाको सलथान, बिजौलीखोला, छन्तुङ, खाल्डेखुल्डेलगायत करिब २५० बढी घरमा अहिलेसम्म विद्युत् नै नपुगेको बताए। स्थानीयले माग गरेपछि हामीले सहजीकरण गरेर लाइन जडान गर्ने उनी बताउँछन्।

'ढोरपाटनका धेरै घरमा अझै पनि विद्युत् नपुगेको अवस्था छ, स्थानीयले टुकी र दियालो बालेर रात कटाउँदै आएका छन्, केन्द्रीय लाइन आयो, अब सहज हुनेछ,' अध्यक्ष घर्तीमगरले भने,'अब कोही पनि नागरिकले विद्युत सुविधा लिनबाट वञ्चित हुनुपर्ने छैन।'

ढोरपाटन होटल व्यवसायी संघका अध्यक्ष जीवन पुनले जलविद्युत्बाट पर्याप्त विद्युत् उत्पादन नहुँदा विद्युतीय मेसिन चलाउन नपाएको भन्दै अब कपडा धुने मेसिन, हिटरलगायत उपकरण चलाउन सकिने बताए।

# ब्याडमिन्टन प्रतियोगिता सुरु

बुटवल, फगुन २९ (मेसस)। बुटवलमा चौथो लुम्बिनी प्रदेशस्तरीय मेयर कप ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ। बुटवल ब्याडमिन्टन क्लबको आयोजनामा बुटवल-११ देविनगर माझगाउँस्थित कभर्डहलमा शुक्रबार एक समारोहका बिच बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले उद्घाटन गर्दै खेल र खेलाडीको पक्षमा पालिकाबाट सक्दो सहयोग गर्दै आएको बताए। ब्याडमिन्टन कोर्टका स्तरोन्नतिमा समेत सहयोग गर्ने उनले प्रतिवद्धता जनाए।

प्रदेशस्तरमा ब्याडमिन्टन खेलको विकास, खेलाडीहरूबिच प्रतिस्पर्धात्मक वातावरण निर्माण तथा खेल संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले क्लबले हरेक वर्ष विभिन्न प्रतियोगिता आयोजना गर्दै आएको क्लबका अध्यक्ष नलराज नेपालले बताए । लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट अनुभवी तथा उदीयमान खेलाडीहरूको सहभागिता रहेको

कार्यक्रमका संयोजक तथा क्लबका तृतीय उपाध्यक्ष भानु केसीले बताए। दुई दिनसम्म चल्ने प्रतियोगितामा मेन्स डबल, भेट्रान्स डबल (५५ वर्षमाथि) र मास्टर भेट्रान्स डबल गरी ३ विधामा प्रतिस्पर्धा गर्ने उनले बताए। मेन्स डबलतर्फ प्रथम हुने टिमले ४० हजार रुपैयाँ, दोस्रो हुने टिमले ३० हजार रुपैयाँ र तेस्रो हुने टिमले २० हजार रुपैयाँसहित कप, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसैगरी ५५ वर्षमाथिको भेट्रान्स डबलतर्फ प्रथम हुने टिमले २० हजार रुपैयाँ, दोस्रो हुने टिमले १५ हजार रुपैयाँ र तेस्रो हुने टिमले १० हजार रुपैयाँसहित कप, मेडल र ट्रफी प्राप्त गर्नेछन्। पहिलो दिन क्वाटर फाइनलका खेल सम्पन्न भएका छन्।


## पर्यटन डिभिजन कार्यालय, रुपन्देही

### शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति :२०८२।११।२९

यस कार्यालयको मिति २०८२।११।२९ गते आह्वान गरिएको शिलवन्दी दरभाउपत्रको सूचना सम्बन्धी सम्पूर्ण विवरण कार्यालयको वेभसाईट www.tourismrupandehi.lumbini.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको बेभसाईट www.bolpatra.gov.np/egp मा राखिएकोले सोही बमोजिम खरिद कार्यमा सहभागी हुन अनुरोध छ।

- धरौटी खाता नं. ३१२०१००२०२०३००००
- कार्यालय कोड नं.३०७०५४८०१५
- राजश्व शिर्षक नं.१४२२९

नि.कार्यालय प्रमुख

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/३० गते

यस सामुदायिक वन उपभोक्ता समुहले डिभिजन वन कार्यालय बाँकेको च.न. २३८९ मितिः २०८२/१०/१९ गतेको कार्यादेशनुसार तथा समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम उत्पादि दाउराहरु मध्ये आन्तरिक खपत नभई बाँकी रहेका दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.न २९७३ मितिः २०८२/११/२९ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको अन्य जातको ३५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री कुशुम्या सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी-०७, बाँके

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/३० गते

यस सामुदायिक वन उपभोक्ता समुहले शम्शेरगंज सव डिभिजन वन कार्यालय बाँकेको च.न. ११० मितिः २०८२/०८/२९ गतेको वन को वन पैदावार संकलन सहमति बमोजिम उत्पादि दाउराहरु मध्ये आन्तरिक खपत नभई बाँकी रहेका दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.न २८६५ मितिः २०८२/११/२६ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको अन्य जातको ४३.२५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री अशोक सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी-०२, बाँके

## शिक्षक आवश्यकता

प्रकाशित मिति : २०८२/११/२९ गते

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/११/२९ गतेको निर्णय र कञ्चन गाउँपालिका रुपन्देहीको च.नं. १०६६ मिति २०८२/११ /२७ गते को शिक्षक पदपुर्तिको लागि प्राप्त विज्ञापनको अनुमति पत्रानुसार यस विद्यालयमा तपशिल बमोजिम शिक्षक पदपुर्ति गर्नुपर्ने भएकाले तपसील बमोजिम शैक्षिक योग्यता भएका नेपाली नागरिकहरुवाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्तको लागि आव्हान गरिन्छ।

तपशिलः

**विज्ञापन नं: 03/0८२/२0८३**

- तह :नि.मा.वि ■ किसिम : राहत (करार) कोटा
- विषय : गणित, विज्ञान ■ संख्या – १ एक
- न्यूनतम शैक्षिक योग्यताः गणित, विज्ञान मुल विषय लिई प्रविणता प्रमाणपत्र तह उत्तिर्ण वा सो सरह

**विज्ञापन नं: 04/0८२/0८३**

- तह : प्रा. वि. तह ■ किसिम : अस्थायी करार
- संख्या – १ एक
- न्यूनतम शैक्षिक योग्यता : प्रविणता प्रमाणपत्र तह उत्तिर्ण वा सो सरह

**दुवै पदको लागि :**

- उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
- तलब स्केल : नेपाल सरकारको प्रचलित नियमानुसार।
- दरखास्त दिने अन्तिम मितिः २०८२/१२/१३ गते कार्यालय समय सम्म (सार्वजनिक विदा परेमा अर्को दिन कार्यालय समयभित्र)
- सम्पर्क मिति : २०८२/१२/१६ गते
- परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक समेत हुने।
- परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ।
- दरखास्त दस्तुर (क) प्रा. वि. तह रु १०००। (ख) नि.मा.वि. तह रु १५००

**आवश्यक कागजातहरू :**


- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
- अध्यापन अनुमति पत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि
- एस.एल.सी र सो भन्दा माथिका आवश्यक सबै प्रमाण पत्रहरु।

**नोट** : दरखास्त दिने निवेदक स्वयम् उपस्थित हुनु पर्ने छ, म्याद नाघेको र रीत नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन। शिक्षक सेवा आयोगले प्रकाशित गरेको करार सुचिमा रहेका उम्मेदवारको आवेदन परेमा करार शिक्षकलाई नै प्राथमिकता दिइने छ अन्य आवेदकको दरखास्त फिर्ता गरिनेछ।

प्रधानाध्यापक :
**श्री दुर्गा माध्यमिक विद्यालय**
कञ्चन-१, लौसा, रुपन्देही
सम्पर्क फोन नं. ९८६१०९४७४०, ४८५७०३१३०६, ९८४७२४३१९८

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।




मार्का

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्टी

नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।

## वन पैदावर लिलाम सम्बन्धी सच्चाइएको सूचना

यस सामुदायिक वन उपभोक्ता समूहको मिति २०८२/११/२३ गते मेचीकाली राष्ट्रिय दैनिकमा प्रकाशित सुचनामा साल जातको दाउरा १ चट्टा हुनुपर्नेमा ४.२५ चट्टा भएकोले, उक्त सुचना सच्चाइएको व्यहोरा सम्बन्धी सबैमा जानकारी गराइन्छ।

**श्री पन्नहवादेवी सामुदायिक वन उपभोक्ता समूह**
नरैनापुर-०१, बाँके

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/३० गते

यस सामुदायिक वन उपभोक्ता समुहले शम्शेरगंज सव डिभिजन वन कार्यालय बाँकेको च.न. १३६ मितिः २०८२/०९/२० गतेको वन को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित दाउराहरु मध्ये आन्तरिक खपत नभई बाँकी रहेका दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.न २८६४ मितिः २०८२/११/२६ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको अन्य जातको ४९ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री मधु सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी-०२, बाँके

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/३० गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. मितिः२०८१/११/०४ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.न २८४८ मितिः २०८२/११/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका खयर जातका कुल जम्मा गोलिया थान ३६५ को ३९४.३५ क्यू.फिट काठलाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री रामजानकी सामुदायिक वन उपभोक्ता समूह**
कोहलपुर-१२ र १३, बाँके

## SHINE RESUNGA DEVELOPMENT BANK LTD.

Butwal -11, Kalikanagar, Rupandehi
Phone : 071-415502, 071-415503,
Email :- info@srdb.com.np
URL :- www.srdb.com.np

### Revised Interest Rate

Effective From 2082-12-01 (15th March, 2026)

| | Types of Deposit | Minimum Balance | Interest Rate (p.a) |
|---|---|---|---|
| Saving | Shine Shareholder Saving | 100 | 2.75% |
| | Shine Unnati Bachat Khata | 500 | |
| | Shine Samunnat Bachat Khata | - | |
| | Shine Nari Bachat Khata | 500 | |
| | Professional Saving | 1 | |
| | Shine Baal Bachat Khata | - | |
| | Salary Saving | 100 | |
| | S.R.Saving | 1,000 | |
| | Shine Jestha Nagrik Bachat Khata | 100 | |
| | Student Saving | 100 | |
| | Shine Surplus Saving | - | |
| | Social Security Saving | - | |
| | Shine Surakchya Bachat Khata | - | |
| | PF & Gratuity Saving | - | |
| | Mero Bachat Khata | - | |
| | Compulsory Saving | - | |
| | Upakar Fund Saving | - | |
| | Shine Utsav Saving | 100 | |
| | Shine Bachat Khata | - | |
| | Shine Pragati Bachat Khata | 5,000 | 3.00% |
| | Shine Samriddhi Bachat Khata | - | 4.00% |
| | Shine Remittance Bachat Khata | 1,000 | 5.00% |
| **Call** | | Up to 1.37% | |
| | **Tenure** | **Interest Rate (p.a.)** | |
| | | **Institutional** | **Individual** |
| **Fixed** | 6 Months to below 1 Year | 2.75% | 2.75% |
| | 1 Year to below 2 Years | 2.75% | 4.00% |
| | 2 Years to below 3 Years | 3.00% | |
| | 3 Years to below 4 Years | 3.25% | |
| | 4 Years to below 5 Years | 3.50% | 4.25% |
| | 5 Years and above | 3.50% | 5.11% |
| | Akshaya Kosh | Negotiable | |
| **Recurring Deposit** | | Up to 3.50% (p.a.) | |

| **Loan & Advances** | **Interest Rate (p.a)** |
|---|---|
| Subsidized loan under GoN's Subsidy plan | As per NRB Directives |
| Loan against Fixed Deposit | Base Rate or Coupon Rate plus 2% whichever is higher |
| Consortium Loan | As per consortium decision |
| Deprived Sector Wholesale "D" Class Financial Institution | Base Rate + Up to 2.00% Premium |
| All other Loan & Advances | Base Rate + Up to 4.00% Premium |
| **Base Rate (Magh 2082)** | 6.00% |

**Note :** Additional 1% interest rate on remittance Fixed Deposit.